**डोल्पो बुद्ध गाउँपालिका**
༄ དོལ་པོ་བུདྡྷ་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་སྐྱོང་ཁང་།
**Dolpo Buddha Rural Municipality**
# गाउँ कार्यपालिकाको कार्यालय
धो, डोल्पा
कर्णाली प्रदेश, नेपाल

प.स: २०८०।०८१
च.न: २६१

मितिः २०८०।११।१३

विषयः ठेक्का संम्झौता गर्न आउने बारे ।

श्री हिमचुली निर्माण सेवा अर्डर एण्ड सप्लायर्स,
जगदुल्ला गाउँपालिका-४, डोल्पा ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रम अनुसार प्रदेश सरकार समपुरक अनुदानबाट डोल्पो बुद्ध गाउँपालिका वडा नं. ४ पोल्देमा निर्माण हुने पोल्दे छोर्तेन कर्पो सम्म सडक निर्माण कार्यको लागि मिति २०८०।०८।१७ गते प्रकाशित बोलपत्र खरिद सम्बन्धी सूचना अनुसार विद्युतीय खरिद प्रणाली मार्फत यस कार्यालयमा तपाइले पेश गर्नुभएको बोलपत्र न्युनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले मुल्याङ्कन समितिबाट सिफारिस भई मिति २०८०।११।०५ गतेको बोलपत्र स्वीकृतीको लागि आशयको सूचना अनुसार कुनै दाबी विरोध प्रस्तुत नभएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० अनुसार बोलपत्र संकेत नं. **DBRM/DOLPA/WORKS/NCB/06-080/081** पोल्दे छोर्तेन कर्पो सम्म सडक निर्माण कार्यको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा ४ वमोजिम कार्यसम्पादन जमानत रकम **रु.३५,३०,०००। (अक्षरुपी पैंतीस लाख तिस हजार रुपैयाँ मात्र)** सहित सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा ३ अनुसार १५ दिन भित्र ठेक्का सम्झौता गर्न आउनुहुन अनुरोध छ । कार्यसम्पादन जमानतको म्याद सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० को उपनियम ४ बमोजिम हुनुपर्नेछ ।

(बुद्धि बहादुर बुढाथोकी)
नि.प्रमुख प्रशासकीय अधिकृत